स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'सोल्टिनी' आगामी कातिक ६ गतेदेखि प्रदर्शन हुने भएको छ । निर्माण युनिटले शुक्रबार चलचित्रका ५ पोष्टर एकसाथ सार्वजनिक गर्दै चलचित्रको प्रदर्शन मितिबारे जानकारी दिएको हो । प्रकाश सपुत र परीक्षा लिम्बु अभिनित चलचित्रको कार्यकारी निर्माताको रूपमा 'हर्क साम्पाङ रिभोलुसन एन्ड टिम' रहेको छ । यस समूहको नेतृत्व धरान महानगरपालिकामा मेयर हर्क साम्पाङ्ले गरेका हुन् ।

**आजको विचार...**



सबै...

*(दुई पेजमा)*

पूर्ण ओली



अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'धागो' आउँदो कातिक २८ गते (नोभेम्बर १४) नेपाल र भारतका हलमा एकसाथ प्रदर्शन हुने भएको छ। निर्माण पक्षले फिल्मको प्रदर्शन मितिबारे जानकारी गराएको हो। परिवार, सिमाना र नटुट्ने सम्बन्धको कथामा फिल्म आधारित रहेको जनाइएको छ। फिल्मलाई उदिप राणा थापाले निर्देशन गरेका हुन्। डुवर्सको चिया बगानमा जन्मे-हुर्केका उनको यो पहिलो निर्देशकीय फिचर फिल्म हो।

❒ वर्ष ३१ ❒ अंक ४५ ❒ २०८२ भदौ १५ गते आइतबार 31 August 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पा उद्योग वाणिज्य संघको आन्तरिक विवादले साधारण सभा स्थगित

**हाम्रा सवाददाता**

**पाल्पा,** भदौ १४/जिल्लाका उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघको भदौ १४ गतेको लागि तय गरिएको साधारण सभा आन्तरिक विवादका कारण अन्तिममा आएर स्थगित भएको छ । संघको ७१ औं साधारणसभा तथा १७ औं अधिवेशन यही बर्ष परेको छ । तर संघले प्राविधिक कारणले स्थगित गर्नु परेको बताए पनि आन्तरिक विवाद मिलाउन नसक्दा अन्तिममा आएर अनिश्चित रुपमा स्थगित गरेको हो ।

संघले शनिबार साधारण सभा गरी शनिबारै अधिवेशनको मिति तय गर्ने तयारी गरेको थियो । सदस्यता थप्ने क्रममा हानथाप भएपछि संघ भित्र विवाद चर्किंदै गएपछि निर्धारित समयमा साधारण सभा हुन नसकेको हो । नेपाली काँग्रेस निकट व्यवसायीहरुको बाहुल्यता रहेको संघमा अहिले दुई समुहबीच दिनहुँ टसल भइरहेको छ । अध्यक्ष शैलेन्द्र भट्टराईले विधानमा व्यवस्था भए अनुसार




निर्धारित समय पुस मसान्त सम्म बनेका सदस्यहरुले मतदान गर्न पाउने कुरामा अडान लिएका थिए भने वाणिज्य उपाध्यक्ष भीमवहादुर श्रेष्ठको समुहले त्यसो नगरेर विगतका अनुभवहरुका आधारमा नयाँ-नयाँ सदस्यहरुले समेत मतदानमा सहभागी हुन पाउनुपर्ने माग गर्दै आएका थिए । साधारण सभाबाट निर्वाचनको मिति तोक्ने विषयमा २०८२ असार २७ गते बसेको पुर्ण बैठकले निर्णय गरेता पनि बैंठक पछि नयाँ सदस्यताका विषयमा विवाद कायमै थियो । वाणिज्य उपाध्यक्ष भीमबहादुर श्रेष्ठ, महासचिव समीरमान सिंह समेतका बहुमत सदस्यले विगतमा भएका बैठकका निर्णयमा पुर्नविचार गर्न माग गर्दै नोटअफ डिसेन्ट लेखेपछि संघको विवाद जिल्ला प्रशासनसम्म पुगेको थियो । वाणिज्य उपाध्यक्ष श्रेष्ठले भने "अध्यक्ष समेतका केही साथीहरुले संघको भावना र मर्म विपरित काम गरेका कारण असहज अवस्था सिर्जना भयो । वातावरण धमिलियो, द्वन्द भयो । यस्तो अवस्थामा साधारण सभाको सबै तयारीहरु हुन सकेनन्, साधारण सभा स्थगित गर्नुपर्ने भयो । हिजो हामीहरु सबै बसेर यो समस्याको समाधान गर्ने जिम्मा पुर्वअध्यक्षहरुलाई दिएका हौं, तर समस्या समाधान हुन सकेन ।" उपाध्यक्ष श्रेष्ठले मिलाएर लाग्नुपर्छ भन्दा नेतृत्वले एकलौटी गरे पछिको यो अवस्था आएको आरोप लगाए । उनले भने "बसेर सहमति गर्छौं, संघको गरिमा कमजोर हुन दिदैनौ ।"
संघमा चरम विवाद र पदाधिकारी बिचमै मत विभाजनका कारण साधारण सभा स्थगित गर्नु परेको संघका अध्यक्ष शैलेन्द्र भट्टराईले एनजेडीलाई बताए ।

अध्यक्ष भट्टराईले भने" अनुसार, केही पदाधिकारी र समितिका साथीहरुको गैरजिम्मेवारीपनका कारण साभारण सभाको पुर्वसन्ध्यामै स्थगित गर्नुपर्ने अवस्था आयो अब छिट्टै नयाँ साधारण सभाको नयाँ मिति तय गर्छौं ।" संघका महासचिव समीर मान सिंहले प्राविधिक कारणले स्थगित भएको भनिएता पनि द्वन्दकै कारण स्थगित गर्नु परेको स्वीकार गरे । संघका कोषाध्यक्ष विनायक महर्जनले भने नेतृत्वको असक्षमताका कारण साधारणसभा स्थगित भएको आरोप लगाए । उनले मनपरी गरेका कारण साधारण सभा हुन नसकेको भन्दै अन्तिममा स्थगन गर्नु कारण अध्यक्षलाई सोध्न आग्रह गरे ।

## सक्षिप्त समाचार

### लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुखको निधन



**भैरहवा(रुपन्देही),** भदौ १४/लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख सजरुद्दिन मुसलमानको निधन भएको छ । लामो समयदेखि मुटु रोगबाट बिरामी रहनुभएका मुसलमानको शनिबार बिहान ९ बजे फदयाघातका कारण उनकै निवासमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

परम्परागत रूपमा शनिबार स्थानीय कब्रिस्तानमा उनको अन्त्येष्टि गरिने लुम्बिनी सांस्कृतिक नगरपालिकाका समन्वयकर्ता तुलसीराम लामिछानेले जानकारी दिए । सजरुद्दिन नेपाली कांग्रेसको तर्फबाट लुम्बिनी सांस्कृतिक नगरपालिकामा निर्वाचित भएका थिए । *-रासस*

# काँग्रेसको विचार र सिद्धान्तले मुलुक जितेको छ : सह-महामन्त्री उपाध्यय




**पाल्पा,** भदौ १४/नेपाली काँग्रेसकी सह-महामन्त्री महालक्ष्मी उपाध्यय 'डिना' ले काँग्रेसको विचार र सिद्धान्तले मुलुक जितेको बताएकी छन् । शनिबार नेपाली काँग्रेस पाल्पाले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् ।

सह-महामन्त्री उपाध्ययले भनिन् "काँग्रेसको विचार र सिद्धान्तले मुलुक जितेको छ, आज सम्मको पस्थितिलाई हेर्ने हो भने मुलुकलाई काँग्रेसको विचार र सिद्धान्तले अगाडि बढाएको अवस्था हो नि ।" काँग्रेसको विचार र सिद्धान्तबाट आएको लोकतन्त्रकै कारण अन्य पार्टीहरु फस्टाएको उनको भनाई छ । सह-महामन्त्री उपाध्ययले अहिले आएका नयाँ पार्टीहरु लोकतन्त्रै कारण आएका हुन् तर तिनीहरुमा कुनै सिद्धान्त र विचार नभएको बताइन् । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सन्तोष थापा मगरको स्वागत, अर्का सहिचव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# विश्वयुद्धका योद्धाको सम्मानमा लाहुरे गाउँमा गोर्खा ग्यालरी

**गुल्मी,** भदौ १४/विश्वयुद्धमा लडेका नेपाली योद्धाको सम्मानमा सत्यवती गाउँपालिका-८ को लाहुरे गाउँमा गोर्खा ग्यालरी स्थापना गरिएको छ । लेफ्टिनेन्ट कुलबहादुर बुढाथोकीले आफ्नै लगानीमा भार्सेमा गोर्खा ग्यालरी स्थापना गरेका हुन् । ग्यालरीमा पहिलो र दोस्रो विश्वयुद्ध लडेका लाहुरेहरुको तस्बिर समेटेर ग्यालरी स्थापना गरेका हुन् ।




ग्यालरी पछिल्लो समय अनुसन्धानकर्ताका लागि अध्ययन केन्द्रको रुपमा विकसित हुन थालेको छ । लाहुरेहरुको इतिहासलाई जीवन्त राख्नका लागि ग्यालरी निर्माण गरिएको बुढाथोकीको भनाइ छ । भार्सेबाट प्रथम र दोस्रो विश्वयुद्ध लड्नेहरुको इतिहासलाई जीवन्त राख्न उनीहरुका तस्बिर राखेर भूपु गोर्खा ग्यालरी र भार्सेबाट गोर्खा, भारत र नेपाली लाहुरेसहित सामाजिक अग्रजलाई समेटेर भार्से ग्यालरी निर्माण गरिएको हो । यसले भार्से पुग्ने जोकोहीका लागि पनि सिङ्गो इतिहासलाई नजिकबाट नियाल्न महत्वपूर्ण सहयोग पुऱ्याउने भार्सेका सामाजिक अगुवा नरबहादुर बूढाथोकीले बताए । भार्सेबाट प्रथम विश्वयुद्ध लड्ने ८४ जना र दोस्रो विश्वयुद्ध लड्ने १७८ जना रहेको लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकीले बताए । भूपु गोर्खा ग्यालरीमा पहिलो र दोस्रो विश्वयुद्ध लडेका अहिलेसम्म ३४ जना दिवङ्गत व्यक्तिको तस्बिर र सङ्क्षिप्त विवरण राखिएको छ । जसमा कम उमेर र नेपालबाट पहिलो भिक्टोरिया क्रस पाउने कर्णबहादुर रानादेखि भारतीय सेनामा नेपालबाट पहिलो कर्णेल श्रीप्रसाद बूढाथोकी र श्रीप्रसादकै बुबा गिरीप्रसाद बूढाथोकीको तस्बिर राखिएको भार्सेका अगुवा नरबहादुर बूढाथोकीले जानकारी दिए । गिरीप्रसाद र श्रीप्रसाद बूढाथोकी बाबुछोरा नै नेपालका पूर्वमन्त्रीहरु रहेका छन् । उनीहरु बाबुछोरा एउटै पल्टनबाट विश्वयुद्ध लडेका थिए । लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकीका बुवा मोतीबहादुर बूढाथोकी पनि विश्वयुद्ध लडेका थिए । भार्सेमा जन्मिएका लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकी अहिल हङकङमा बस्छन् । बूढाथोकीले ग्यालरीका लागि करिब रु ५७ लाख लगानी गरेका छन् । 'स्वदेश तथा विदेशमा भार्सेलीको गर्विलो इतिहासलाई जोगाउने प्रत्यन मात्र गरेको हुँ', उनले भने । भार्से ग्यालरीमा भार्सेली भारतीय, बिर्टिस, नेपाली सेना, प्रहरी तथा राष्ट्रसेवक कर्मचारीसहित ६८४ जनामध्ये अहिले ४०० जनाको तस्बिर राखिएको छ । पछिल्लो समयमा सडक यातायातको सहज पहुँचका कारण भार्से यतिबेला आन्तरिक तथा बाह्य पर्यटकका लागि मुख्य पर्यटकीय गन्तव्यस्थलका रुपमा विकसित हुँदै जान थालेको छ ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# गौरा पर्व र यसको महत्व

गौरा पर्व आज हर्षोल्लासका साथ मनाइँदै छ । यो सुदूर पश्चिम क्षेत्रको महत्वपूर्ण धार्मिक एवं साँस्कृतिक पर्व भए पनि पछिल्लो समय पहाडबाट बसाइँ सरेर तराई झरेकाहरूले पनि तराईमा गौरा पर्व धुमधामसँग मनाउँदै आएका छन् । हिन्दू धर्मावलम्बीहरूको जीवनमा जसरी दसैं, तिहार, तीजजस्ता पर्वको महत्व बढी हुन्छ, त्यसरी नै सुदूरपश्चिम क्षेत्रमा गौरा पर्वलाई लिने गरिन्छ । गौरा पर्व विशेष गरेर डोटी र कुमाउँमा परापूर्व कालदेखि नै मनाउँदै आएको पर्व हो । अहिले तराईका अन्य जिल्लाहरुमा पनि मनाउन थालिएको छ । जसलाई दसैं, तिहारभन्दा पनि धूमधामसँग मनाउने गरिन्छ । गौरा पर्वको व्रत बसेमा पतिको दीर्घायुका साथै सुखी जीवन प्राप्त हुने जनविश्वास रहिआएको छ । गौरा पर्वमा भाद्र कृष्ण षष्ठीदेखि अष्टमीसम्म व्रत बस्ने परम्परा प्राचीनकालदेखि नै चलिआएको छ । प्राचीन कालमा राजाहरूले ब्राह्मणहरूबाट आफ्नो धन फिर्ता माग्ने क्रममा ब्राह्मणलाई मारिदिएपछि विधवा भएकी ब्राह्मणीहरूले आफ्नो सतित्व रक्षार्थ हेतु निराहार रही व्रत बसेको फलस्वरूप एक ब्राह्मणीले तेजिलो पुत्र प्राप्त गरेकी थिइन् र सोही पुत्रको तेजले राजाको आँखाको ज्योति गुमेर अन्धो भई माफी माग्नुपरेकाले ब्राह्मणी अर्थात् गौरीलाई सर्वशक्तिमान सम्झी उनकै सम्झनामा गौरा पर्व मनाउन थालिएको हो भन्ने मान्यता रहेको छ । यही विश्वासले अष्टमीसम्म महिलाहरू गौराको व्रत बस्ने गरेका छन् ।

गौरा पर्व एकताको पर्व हो । काम विशेषले बाहिर अर्थात् विदेश गएका व्यक्तिसमेत घरमा फर्किने र आपसी सद्भाव वृद्धि गरी सुख शान्तिको कामनासहित एक आपसमा बन्धुत्व कायम गरी आपसी सद्भाव वृद्धिमा टेवा पुऱ्याएको छ । पार्वती शिवको नामसँग जोडिएको यस पर्वमा विशेष गरी पार्वतीको पूजा गरिन्छ अर्थात् पार्वतीको कठोर तपस्यापश्चात् शिवलाई पतिको रूपमा प्राप्त गरेको धार्मिक विश्वाससमेत यसमा जोडिएको छ । सप्तमीमा गौरादेवीलाई मन्दिरमा भित्र्याएर प्रसादको रूपमा महिलाले दुबधागो भगवानलाई चढाई अभिषेकका साथ लगाउने चलन रहेको छ । दुबधागो पुरुषको यज्ञोपवित धारण गरे जस्तै हो । गौरा पर्वले धार्मिक आस्था आपसी सद्भाव बढाउन र शिव पार्वतीको पूजा गरी सुख शान्ति प्राप्त हुने विश्वास रहेको छ । तसर्थ यो पर्वलाई सबैको पर्व राष्ट्रिय पर्वको रूपमा मनाउँदै यसको महत्वलाई अझ सबै माझ पुऱ्याउन जरुरी छ ।

## Opinion @ Social Network

बाँच्नलाई साहस अनि हाँस्न लाई खुसी चाहिन्छ
सबैको आँखाको नानी बन्न त कहाँ सकिन्छ र यहाँ।
(केशव कुवर फेसबुक स्टाटसबाट www.facebook.com/Keshav.Kunwar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सबै क्षेत्रलाई राजनीकिकरण गरेपछि देशको विकास कसरी हुन्छ ?



## पूर्ण ओली

*नेपालका उद्योगहरुको सहीबाटो तहस नहस मात्र भएनन् अत्यधिक युवाहरु बेरोजगार भएर खाडीमा जान बाध्य भए । दोश्रो महायुद्धमा ध्वस्त भएको युरोप बिकासको गतिमा तिब्ररुपमा अघि बढेको छ । नेपालका नेताहरु बहुदलीय ब्यबस्था आएपछि भएका उद्योग बन्द गरि आयातीत सामानमा भर परि दलाल र तस्करका घेराउमा पर्दै कमिसन र भ्रष्टचारमा रमाउन थाले । धेरै बिषयमा आत्मनिर्भर हुँदै खाद्यान्न निर्यात गर्ने देश पछिल्लो अबस्थामा खरबौंको खाद्यान्न आयत गर्नमा देश लागेपछि खरबौंको ऋणमा देश डुबेको छ । अझैपनि नेता, कर्मचारीका ठूला ठूला भ्रष्टचारका काण्ड बाहिर आइरहँदा पनि ठूला नेता र बरिष्ठ कर्मचारी भ्रष्टचारमा जोगिँदै आएका छन् ।*

अहिलेसम्म नेपालमा बिकास नहुनाको प्रमुख कारणमा १०३ बर्षे राणा शासनको जहानिया शासनलाई दोष लगाइन्छ । यो पनि प्रमुख कारण हुनसक्छ । त्यतिबेला शिक्षामा बिकास नगरी जनतालाई अन्धकारमा राखी धेरै पछिमात्र दरबार हाइस्कुल स्थापना गरी त्यसको दशकौंसम्म अन्य हाइस्कुलको स्थापना गरिएन । तर त्यतिबेला सुरु भएका रक्सौल अमलेखगन्ज रेलवे, फर्पिङको जलविद्युत आयोजना, हेटौंडा घुसिङबाट टेकुसम्मको रोप वे, अमलेखगन्ज हेटौंडाबीचको चुरेमा निर्मित टनेल रोड, जनकपूर जयनगर रेल्वे लाइनलाई राम्रो सुरुवात भन्न सकिन्थ्यो । तर त्यसतर्फको प्रगतिलाई अगाडि बढाउन प्रयास गरिएन । एकदलीय भनिएको पञ्चायती ब्यबस्थामा राजा महेन्द्रले मात्र १० बर्षमा गरिएका प्रमुख सडक मार्गको निर्माणलगायत विभिन्न महत्वपूर्ण उद्योगहरु जुन पूर्वाधार बिकासका लागि अत्यन्त आधारभूत उद्योग थिए । जुन सबै बिना ऋणमा सबै ठूला राष्ट्रका सहयोगमा निर्माण भएका थिए । ती सबै आधारभूत महत्वपूर्ण उद्योगहरु बहुदलीय ब्यबस्था आउनासाथ गिरिजा कांग्रेसले कमिसनको लोभमा कौडीको मुल्यमा लिलाम गऱ्यो । यसबाट नेपालका उद्योगहरुको सहीबाटो तहस नहस मात्र भएनन् अत्यधिक युवाहरु बेरोजगार भएर खाडीमा जान बाध्य भए । दोश्रो महायुद्धमा ध्वस्त भएको युरोप बिकासको गतिमा तिब्ररुपमा अघि बढेको छ । नेपालका नेताहरु बहुदलीय ब्यबस्था आएपछि भएका उद्योग बन्द गरि आयातीत सामानमा भर परि दलाल र तस्करका घेराउमा पर्दै कमिसन र भ्रष्टचारमा रमाउन थाले ।

कुनैदिन धेरै बिषयमा आत्मनिर्भर हुँदै खाद्यान्न निर्यात गर्ने देश पछिल्लो अबस्थामा खरबौंको खाद्यान्न आयत गर्नमा देश लागेपछि खरबौंको ऋणमा देश डुबेको छ । अझैपनि नेता, कर्मचारीका ठूला ठूला भ्रष्टचारका काण्ड बाहिर आइरहँदा पनि ठूला नेता र बरिष्ठ कर्मचारी भ्रष्टचारमा जोगिँदै आएका छन् । भ्रष्टचारमा जोगिने कारणमा सबै कर्मचारी ट्रेड युनियनमा जोडिएर दलका भातृ संगठन भएर पनि हो । जसको कारण कर्मचारी नेतासंग काँधमा काँध जोडेर भ्रष्टचार र अनैतिक कार्यमा सँगसँगै अघि बढिरहेका छन् । शिक्षक कर्मचारीलाई मन्त्री प्रधानमन्त्रीका आदेश निर्देशनको कुनै मतलब छैन । मात्र आफ्ना सहुलियत र सुबिधा थप गर्न हड्ताल र आन्दोलनमा लागिरहन्छन्। उनीहरुमा अनुशासनहिनता अत्यधिक बढेर गएको छ । कुनै दिन देशमा दलमा प्रतिबन्ध लागेको अबस्थामा दलहरुले बिद्यार्थीलाई दुरुपयोग गरी सरकारका बिरुद्ध उकासे । त्यही रुपमा शिक्षकलाई संघ र संगठनको नाममा कांग्रेस र कम्युनिष्टले दुरुपयोग गरे । २०४६ सालपछि कर्मचारीपनि खुलारुपमा संगठन खोल्न अनुमति पाए । पूरा राजनीतिमा तानिए । अब देशमा बहुदलीय ब्यबस्था आइसक्यो । त्यसले नपुगेर लोकतन्त्रको नाममा भाँडतन्त्र आइसक्दा पनि कर्मचारी शिक्षक तथा बिद्यार्थीसमेत लगातार राजनीतिमा लागिरहँदा सबैले आ-आफ्ना कर्तब्य बिर्सेर मात्र दलका झोले भइरहँदा उनीहरुमा अनुशासनहिनता बढिरहेको छ । परिणामस्वरुपमा बिश्वबिद्यालय जस्तो शिक्षाको प्रमुख केन्द्रपनि यिनै दलको भागबण्डामा चलेकोले दलका झोलेमात्र भिसी र रजिष्ट्रर तथा डिनमा नियुक्त भइरहेका छन् । बिद्यार्थीहरु पनि त्यसैको आधारमा बिरोध र तालाबन्दीमा उत्रिने गर्छन् । जसले गर्दा नीति निर्माता गर्ने बिश्वविद्यालय आज अधोगति भएर दिसाविहीन हुँदा शिक्षाको स्तर तहस नहस भइरहेको छ । जसको फलस्वरुप क्षमतावान विद्यार्थी बिकसित देशतर्फ लागे भने गरिब परिवारका बिद्यार्थीहरु खाडीमुलुकमा आफ्नो श्रम बेच्न बाध्य भए । कर्मचारी र शिक्षकका ट्रेडयुनियनले गर्दा सरकारले चाहेका नीति निर्देशन नमानेर उनीहरुले चाहेअनुसारका सुबिधा र सहुलियत नपाएसम्म बिद्यालयहरु संचालन नगर्ने भनि सरकारलाई धम्की दिइरहेका छन् । सरकार पनि लाचार बनेर उनीहरुको हरेक सुबिधा पुऱ्याउन बाध्य भइरहेको छ । अहिलेपनि सामुदायिक शिक्षण संस्थाहरुमा शिक्षकले पाउने तलब भत्ता निजी शिक्षण संस्थाको भन्दा धेरै राम्रो छ। तर बिद्यार्थीको पढाइ सरकारीको भन्दा निजीको धेरै राम्रो पढाइ र रिजल्ट आइरहेको छ । त्यसतर्फ सरकारले ध्यान दिएको छैन । त्यस्तै कतिपय सांसद निजी स्कुल र संस्थाबाट आएका स्वार्थी समूह पनि पुगेका छन् । त्यस्तै गरेर सदनबाट निजामती बिधेयक पास गर्ने बेलामा कुलिङ पिरियड हटाउन जुन किसिमले बिशिष्ठ तहका कर्मचारी लागेर जालझेल गरी प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा पठाउन सफल भए यो सबै कर्मचारीको ट्रेड युनियनको हिम्मतले हो । सरकार स्वयं कुलिङ पिरियड नराख्न चाहेको कुरा प्रधानमन्त्रीका भनाइबाट बुझिन्थ्यो । त्यसकारण यो देशलाई नेता कर्मचारी मिलेर कसरी तहसनहस पारेर बर्बाद पारिरहेका छन् भन्ने थाहापाउन सकिन्छ । केही दिन अघि माओबादी अधक्ष प्रचण्डले अनेरास्वबियु क्रान्तिकारी बिद्यार्थीको भेलामा पत्रकार रुपेसले प्रश्न गर्दा बिद्यार्थी, शिक्षक तथा कर्मचारीलाई राजनीति गर्न दिनु हुन्छ कि हुँदैन ? भनि राखेको प्रश्नको जवाफमा प्रचण्डले दिनुपर्छ भन्ने बिचारले नेताहरुको मनसाय बुझिन्छ । तर देशको बास्तविक बिकास गर्ने हो भने अन्य बिकसित देशमा जस्तै कर्मचारी, शिक्षक तथा बिद्यार्थी राजनीतिबाट अलग भएर बस्नुपर्छ । मात्र हल्का जानकारीसम्म राख्न सकिन्छ । तर राजनीतिमा समर्पित हुनु हुँदैन । नत्र देश राजनीतिमय हुन्छ । तर देश बिकासमय हुँदैन । किनकि राजनीति गर्नेले किसानसँग मिलेर खेती गर्न चाहँदैन । ऊ मात्र मन्चमा आसिन भएर भाषणमात्र गर्न चाहन्छ । उसको चाहना आफू ठूलो हुने, अरुलाई अर्ती उपदेश दिने तर काम गर्नु नपर्ने भन्ने मात्र बुझ्छ । त्यही भएर बिद्यार्थीलाई शिप सिकाएर पढाइ पछि कुनैपनि ब्याबसाय गर्नु भन्दा उनीहरुलाई बिदेश लखेट्नुमा नै पुरुषार्थ ठान्छन् हाम्रा नेताहरु । अनि कसरी हुन्छ देश बिकास ? कुनै दिन दल प्रतिबन्ध रहँदा बिद्यार्थीको उपयोग गरियो होला अब राजनीति गर्न खुला भइसकेपछि बिद्यार्थीलाई पढ्न दिउँ । कर्मचारी र शिक्षकलाई आफ्नो पेशामा समर्पित भएर कर्तब्य पूरा गर्ने अबसर दिउँ। राजनीति गर्ने मानिस कुनै समूह या दलसँग सम्बन्ध रहन्छ जसले निश्पक्ष भएर सेवा दिन सक्तैन । बिद्यार्थी पनि कुनै दलको झोले भएर आफ्नो भविष्य चौपट मात्र पारिरहेका हुन्छन् । त्यसैले कुनैपनि दलहरुले भरखरका बिद्यार्थीलाई उनीहरुको भविष्य उज्वल पार्न उनीहरुलाई स्कुल पास गर्नुभन्दा पहिला नै आबश्यक पर्ने शिपहरुको तालिम दिन र लिन अनिबार्य गरियोस् । सोही अनुसारको शिक्षा नीति बनाइयोस् । शिक्षक र कर्मचारीलाई राजनीतिमा प्रतक्ष्य लाग्न प्रतिबन्ध लगाइयोस् । अहिले प्राय सबै सरकारी कार्यलयमा बिभिन्न ट्रेड युनियनको नामका बोर्ड राखिएका हुन्छन् । जहाँ कर्मचारी तथा शिक्षकहरु आ-आफ्ना दलका कार्यक्रम बारेमा बहस र छलफलमा ब्यस्त हुन्छन । यस्ता कर्मचारी दलका नेताको आर्शीवादमा दुर्गमको भत्ता खाएर सुगममा बसेर दलाली गरेर पैसा कमाउनेहरु पनि हुन्छन् ।

अहिले ठूला ठूला भ्रष्टचारमा डुबेका कर्मचारी यस्तै दलीय ट्रेडयुनिनका पदाधिकारीहरु रहेका पाइन्छन् । हाम्रा कतिपय कर्मचारीका छोराछोरी प्राय बिदेशमा अध्ययन गर्ने गर्छन्। उनीहरु उतैको पिआर, ग्रीनकार्ड लिएर बिदेशमा बसिरहेका पाइन्छन् । उनीहरुलाई त्यहाँका प्रधानमन्त्री या मन्त्रीको नाम पनि याद हुँदैन । उनीहरुलाई निर्बाचनमा भोट हाल्न लगाइन्छ । तर कतिपयले भोट पनि नहालेर जरिवाना शुल्क तिर्ने गर्छन् ।

हामी पनि युवाहरुलाई शिप सिकाएर रोजगार बनाउन सके उनीहरु पनि राजनीति भन्दा आफ्नो कार्यमा ब्यस्त हुनेछन् । उनीहरुलाई राजनीतिमा आउन प्रोत्साहन नगरियोस् । मात्र श्रम गर्न र इमान्दारीपूर्बक काम गरेर देश बिकासमा लाग्न अबसर दिइयोस् । नत्र युरोपियन राष्ट्रहरु बिकासको चरमबिन्दुमा पुगिरहँदा हामी भने अबिकसित राष्ट्रबाट बिकासोन्मुख राष्ट्र हुन खोज्दा गौरब गर्नुपर्ने अबस्थामा हुनु दुखद अबस्था हो । अझैपनि नेताले जनताको क्रन्दन सुनेर चेत आएमा देश बिकास गर्न सकिन्छ । त्यसका लागि संबिधानमा आबश्यक संशोधन गरि प्रत्यक्ष कार्यकारी सरकार प्रमुख, सांसद बाहेकका बौद्धिक र इमान्दार ब्यक्तिबाट मन्त्रीहरु नियुक्ति, प्रदेश सरकार हटाएर स्थानीय निकायलाई अझ शक्तिशाली र स्वतन्त्र बनाउँदै लान आबश्यक छ । स्थानीय तहको निर्बाचन दलविहीन स्वतन्त्र रुपमा गरिने ब्यबस्था हुन आबश्यक छ । यसबाट दलको प्रभाव गाउँमा कम भइ जनतामा एकताको भावना बढ्नेछ। खुला सिमाना नियन्त्रण र नियमित अनिबार्य हुनैपर्छ । सबै दलसँगै राजसंस्थालाई पनि समेटेर धर्मनिरपेक्षता हटाउनै पर्छ । यसले मात्र सनातन वैदिक धर्म र संस्कृति परम्परा कायम राखी सामाजिक सद्भाव तथा एकता कायम रहनेछ । भ्रष्टहरुको जरो उखेल्न अख्तियारलाई निश्पक्ष शक्तिशाली बनाइ नीतिगत भ्रष्टचारीलाई पनि कारवाही गर्ने गरि नीति नियम बनाइयोस् । युवाहरुलाई स्वदेशमा रोजगार दिन निश्पक्ष भएर अनुदान र शिप गाउँ गाउँसम्म पुऱ्याउन आबश्यक छ । खाद्यान्नमा आत्मनिभर बनाउन सिचाइँ तथा कृषि मल कारखाना निर्माणमा अभियान चलाइयोस् ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सेवामूलक कामबाट लाभ प्राप्त हुनेछ। विवादको स्थिति उत्पन्न हुन सक्छ। | **तुला** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। प्राविधिक कार्यबाट सफलता मिल्ला। |
| **वृष** : सहकारी संस्थाबाट लाभ मिल्ला। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। | **वृश्चिक** : अवसरवादीहरूले झुक्याउन सक्लान्। स्वास्थ्यमा ध्यान दिनुहोस्। |
| **मिथुन** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। | **धनु** : घर परिवारमा रमाइलो समय बित्नेछ। आफूभन्दा ठूलाको साथ मिल्नेछ। |
| **कर्कट** : नयाँ अवसर प्राप्त हुनेछ। विवेकको उपयोगले अगाडि बढ्न सफल भइनेछ। | **मकर** : कार्यक्षेत्रमा उन्नतिका योग छन्। राम्रो लाभ आर्जन गर्न सकिनेछ। |
| **सिंह** : चिताएका कार्य पूरा हुनेछन्। प्रतिस्पर्धीहरूलाई पछाडि पार्न सक्नुहुनेछ। | **कुम्भ** : गरिएको कामको उचित प्रतिफल पाइनेछ। उपलब्धिले थप उत्साह दिलाउनेछ। |
| **कन्या** : व्यक्तित्वमा निखार ल्याउने समय रहेको छ। स्वास्थ्यले साथ दिनेछ। | **मीन** : घरको कार्यमा धन खर्च गर्नुपर्ला। ज्ञानलाई निखार्ने समय रहेको छ। |

# कृषि

## कृषिप्रधान देशमा खाद्य सुरक्षा र पोषणको ठूलो पीर



*कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा विविधिकरण गर्दै वैज्ञानिक कृषि प्रणालीको अवलम्बनले यो समस्याको समाधान हुन सक्छ । खाद्य उत्पादन वृद्धि गर्नुका साथै सुरक्षित तथा व्यवस्थित खाद्य भण्डारणका लागि पनि सोच्नु आवश्यक छ । सबै क्षेत्रमा सहज तथा सर्वसुलभ वितरण प्रणालीको व्यवस्था राज्यले मिलाउनुपर्छ । खाद्य उपलब्धता, खाद्य माथिको पहुँच, खाद्य उपयोगमा हुने स्थिरताले खाद्य सुरक्षाको सुनिश्चितता गर्छ । खाद्य सुरक्षा र पोषण एकआपसमा सम्बन्धित विषय हुन् । पहिला-पहिला खाद्य सुरक्षा र पोषणलाई अलग रूपमा लिइन्थ्यो । अहिले यी दुई विषयलाई एक-अर्काको परिपूरक मानिन्छ । पर्याप्त मात्रामा खाना भए पनि यदि त्यसमा आवश्यक पोषक तत्वको कमी छ र भएको खानालाई सही तरिकले खान नजान्दा मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको हुन्छ ।*

नेपाल कृषिप्रधान देश हो, यहाँको आधा भन्दा बढी जनसंख्या जीविकोपार्जनका लागि कृषिमा निर्भर छ । आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.७१ प्रतिशत रहेको छ । चालू आ. व. २०८१/०८२ मा २५.१६ प्रतिशत रहने अनुमान गरिएको छ । जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा आबद्ध रहे पनि देशमा पोषण र खाद्य सुरक्षा चुनौतीपूर्ण विषय बनेको छ । विश्व खाद्य शिखर सम्मेलन १९९६ का अनुसार 'प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनका लागि आफ्नो आवश्यकता र चाहना अनुरूप सधैं, पर्याप्त, सुरक्षित, पोषणयुक्त खाध्यपदार्थ माथिको भौतिक र आर्थिक पहुँच भएको' अवस्था खाद्य सुरक्षा हो । सामान्य अर्थमा भन्दा कुनै पनि देशको नागरिक भोकमरिको त्रासमा बाँच्नु नपर्ने अवस्था नै खाध्य सुरक्षा हो । खाद्य सुरक्षाका चारवटा आयमहरू रहेका छन्, खाद्य उपलब्धता, खाद्य माथिको पहुँच, खाद्य उपयोग र खाद्य स्थिरता ।

खाद्य उपलब्धता, खाद्य माथिको पहुँच, खाद्य उपयोगमा हुने स्थिरताले खाद्य सुरक्षाको सुनिश्चितता गर्छ । खाद्य सुरक्षा र पोषण एकआपसमा सम्बन्धित विषय हुन् । पहिला-पहिला खाद्य सुरक्षा र पोषणलाई अलग रूपमा लिइन्थ्यो । अहिले यी दुई विषयलाई एक-अर्काको परिपूरक मानिन्छ । पर्याप्त मात्रामा खाना भए पनि यदि त्यसमा आवश्यक पोषक तत्वको कमी छ र भएको खानालाई सही तरिकले खान नजान्दा मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको हुन्छ । नेपालको संविधानले धारा ३६ मा खाद्य अधिकारलाई मौलिक हकको रूपमा समवेश गरेको छ । यसका साथै दिगो विकास लक्ष्य, १६औं योजना, कृषि विकास रणनीति (२०७२-२०९२), खाद्य अधिकार र खाद्य सम्प्रभुता ऐन २०७५, खाद्य स्वच्छता ऐन २०७८, उपभोक्ता संरक्षण ऐन २०७५ लगायत विभिन्न खाद्य सुरक्षा र पोषण सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था रहेकाछन् । नेपालमा पछिल्ला वर्षमा खाद्य सुरक्षा र पोषणमा केही सुधार पक्कै पनि भएको छ । तर, अझै पनि केही क्षेत्र, वर्ग, समुदायमा खाद्य असुरक्षा र कुपोषण मुख्य समस्याको रूपमा रहेको छ । नेपालमा १.३ प्रतिशत परिवार भोकमरीको उच्च जोखिममा रहेको छ । यसैकारण, खाद्य सुरक्षा र पोषण नेपालका लागि दिगो विकासका प्रमुख चुनौतीहरूमध्ये एक बनेको छ। विश्व खाद्य कार्यक्रमको प्रतिवेदन २०२३ अनुसार अहिले पनि नेपालमा १७.१ प्रतिशत जनसंख्या खाद्य असुरक्षाको समस्यासँग जुधिरहेको छ । कृषि मन्त्रालयको एक प्रतिवेदनले नेपालमा अझै पनि २१ प्रतिशत जनसंख्याले कुनै व्यक्तिका लागि न्यूनतम रूपमा आवश्यक पर्ने २२०० किलो क्यालोरीको पूर्ति गर्न नसकेको अवस्था देखिन्छ । त्यसैगरी विश्व भोकमरी प्रतिवेदन २०२५ का अनुसार नेपाल भोकमरीको मध्यम अवस्थामा रहेको छ । १२७ देशहरू मध्ये १४.७ स्कोरका साथ ६८औं स्थानमा छ नेपाल । पोषणको दृष्टिले हेर्दा, नेपालमा कुपोषण अझै गम्भीर समस्याको रुपमा रहेको देखिन्छ । नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार नेपालमा पाँच वर्ष मुनिका ८ प्रतिशत बालबालिकामा ख्याउटेपना, २५ प्रतिशत बाबालबालिकामा पुडह्कोपना र १९ प्रतिशत बालबालिका कमतौलका रहेका छन् । विश्व खाद्य कार्यक्रमको फिल द न्युट्रियन्ट ग्याप एनालाइसिस(२०२१) अनुसार नेपालको २३.१ जनसंख्याले पोषणयुक्त आहार उपभोग गर्न सकेको छैन । यी तथ्या˜ हरूले देखाउँछन् कि, खाद्य सुरक्षा र पोषण अझै पनि राष्ट्रिय विकासका लागि ठूलो चुनौती बनेको छ । गर्भवती तथा स्तनपान गराइरहेका आमाहरूमा उपयुक्त पोषण अभावले मातृमृत्यु दरमा पनि असर पारिरहेको छ । बालमृत्युदरमा करिब ४५ प्रतिशत प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका कुपोषणको रहेको रहेको साथै विभिन्न अध्ययनहरूले देखाएका छन् । न्यूनतम खाद्य आहारको अपर्याप्तता, खाद्य विविधता र पोषण शिक्षा अभाव, दिगो कृषि अभ्यासको कमी र आर्थिक असमानताले यस अवस्थालाई थप जटिल बनाएको छ । भौगोलिक विकटता, विविधातायुक्त हावापानी, प्राकृतिक प्रकोप, गरिबी, सामाजिक विभेद, कमजोर भण्डारण तथा प्रशोधन प्रविधि र न्यून जनचेतनाले नेपालमा खाद्य सुरक्षाको अवस्था चुनौतीपूर्ण रहेको देखिन्छ । पछिल्लो समय जलवायु परिवर्तनको बढ्दो असरले नेपालको खाद्य तथा पोषण सुरक्षामा चुनौती थपेको देखिन्छ । सरकारले कृषि कर्जा कार्यक्रम, दुर्गम खाद्य वितरण कार्यक्रम, शिक्षाका लागि खाद्य वितरण कार्यक्रम, सिचाइ विस्तार कार्यक्रम, वहुक्षेत्रीय पोषण योजना, सूक्ष्मपोषक तत्व वितरण कार्यक्रम र विद्यालयमा दिवा खाजा जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस्ता कार्यक्रमहरूले खाद्य उपलब्धता मात्र होइन, पोषणको गुणस्तरमा पनि सुधार ल्याउने लक्ष्य राखेका छन् । साथै, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र स्थानीय निकायमार्फत पोषण शिक्षा तथा व्यवहार परिवर्तन सम्बन्धी अभियानहरू निरन्तर सञ्चालन भइरहेका छन् । यस्ता प्रयासका बाबजुद पनि नेपालमा पोषण र खाद्य सुरक्षा अझै एक महत्वपूर्ण चुनौतीको रूपमा कायमै छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा विविधिकरण गर्दै वैज्ञानिक कृषि प्रणालीको अवलम्बनले यो समस्याको समाधान हुन सक्छ । खाद्य उत्पादन वृद्धि गर्नुका साथै सुरक्षित तथा व्यवस्थित खाद्य भण्डारणका लागि पनि सोच्नु आवश्यक छ ।

सबै क्षेत्रमा सहज तथा सर्वसुलभ वितरण प्रणालीको व्यवस्था राज्यले मिलाउनुपर्छ । खाद्यपदार्थको उपयोग तथा विविधिकरणका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूको सञ्चालन, खाद्य व्यवस्थापन सूचना प्रणालीको विकास तथा प्रयोग, आपातकालीन खाद्य भण्डारणको विस्तार जस्ता कार्यलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । त्यस्तै कृषि पेशालाई मर्यादित र आकर्षित पेशाको रूपमा विकास गर्न सकियो भने बेरोजगारी कम हुनुका साथै खाद्य आपूर्तिलाई न्यूनीकरण गर्दै खाद्य तथा पोषण सुरक्षाको दिगोपन कायम गर्न सकिन्छ । यस सँगै सरकारले स्पष्ट नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दै, निजी एवम् समुदायसँग सहकार्य गरी अगाडि बढ्हन सकेमा १६औं योजना तथा दिगो विमनसमन लक्ष्यहरू सहज रुपमा हासिल सकिन्छ । साथै नेपालले निकट भविष्यमा खाद्य सुरक्षा र पोषण सुधारमा उल्लेखनीय प्रगति गर्न सक्छ ।

*-अनलाइन खबर डटकम*

## एकहजार फाँटको धानबालीमा मरुवा रोगको समस्या



गोरखा- गोरखामा करिब चार सय रोपनी क्षेत्रफलमा लगाइएको धानबालीमा धान मरुवा रोगको समस्या देखिएको छ । जिल्लाको पालुङटार नगरपालिकाका तीनवटा वडामा लगाइएको धानबालीमा मरुवा रोग लागेको पाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत अब्बादत्त विष्टले जानकारी दिए । पालुङटारको वडा नं ४, ६ र ८ मा गरी झण्डै चार सय १० रोपनी क्षेत्रमा लगाइएको धानबालीमा मरुवा रोग फैलिएको छ, सबैभन्दा धेरै वडा नं ८ स्थित एकहजार फाँटको द्वारटारमा समस्या देखिएको छ । रोगका कारण ती क्षेत्रमा धानका रोपो सुकिसकेको अधिकृत विष्टले जानकारी दिए । "किसानले ज्ञान केन्द्रमा जानकारी गराएपछि कृषि प्राविधिकसहितको टोली खेतमै पुगेर रोगको अध्ययन गरिसकेका छौं, रोग फैलिएका क्षेत्रका धानबाली सुकिसकेको अवस्था छ", उनले भने । मरुवा रोग धानबालीमा लाग्ने एक प्रकारको ढुसी कीरा हो । समयमा नै ढुसीनासक औषधिको प्रयोग गर्नसके रोग नियन्त्रण गर्न सकिने उनको भनाइ छ । त्यस क्षेत्रमा विशेषगरी गोरखनाथ, सावित्री र मन्सुली जातको धानबालीमा मरुवा रोग देखिएको छ । सोही फाँटमा लगाइएको राम धानमा भने मरुवा रोगको प्रकोप नदेखिएको अधिकृत विष्टले बताए । पालुङटार नगरपालिका वडा नं ४ र ६ मा पनि धानबालीमा उक्त रोग देखिएको छ । त्यहाँ करिब १० रोपनी धानखेतमा मरुवा रोग देखिएको उनले जानकारी दिए । रोग लागेको क्षेत्रका किसानलाई ढुसीनासक औषधि उपलब्ध गराउनुका साथै 'स्प्रे' पनि गरिसकिएकाले ५० प्रतिशत धानबाली जोगाउन सकिने विश्वास गरिएको अधिकृत विष्टको भनाइ छ । "किसानले धानको बीउ खरिद गर्दादेखि नै विशेष ख्याल नपुर्याउँदा समस्या हुन्छ", उनले भने, "धानको जातले पनि मरुवा रोग लाग्ने वा नलाग्ने हुनसक्छ ।"

*-रासस*

## गुलियो बालीको अमिलो पीडा



उखुको अनुदान भुक्तानीको माग गर्दै तराई-मधेसका उखु किसानले काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेका छन् । उखु उत्पादक महासंघ, उखु उत्पादक कृषक समितिलगायतको अगुवाइमा किसानहरूले गत आर्थिक वर्षको बक्यौता अनुदान रकम भुक्तानी गर्नुपर्ने भन्दै आइतबार माइतीघरमा प्रदर्शन गरेका हुन् । चिनी उद्योगहरूले किसानलाई दिनुपर्ने रकम भुक्तानी गरिसके पनि सरकारले दिने कबुल गरेको अनुदान नपाएको महासंघका संयोजक श्यामबाबु रायले बताए । उनका अनुसार अनुदान नपाएपछि किसानहरू आन्दोलनमा आउन बाध्य भएका हुन् । आन्दोलनमा कोशीदेखि सुदूरपश्चिम प्रदेशसम्मका किसानहरूको सहभागिता रहेको उनले बताए । विशेषगरी सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र नवलपरासीका करिब पाँचदेखि ६ सय किसानहरू प्रदर्शनमा सहभागी भएको रायले जानकारी दिए । प्रदर्शनका लागि काठमाडौं आएका किसानहरू गौशालाबाट नारा-जुलुससहित माइतीघर मण्डलातर्फ अघि बढेका थिए । प्रदर्शनमा सहभागीहरूले एकतर्फी मूल्य स्वीकार छैन, उखु कृषक शोषण बन्द गर, उखु अनुदान भुक्तानी गर, मूल्य निर्धारणमा कृषकलाई सहभागी गरलगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए । सरकारले अनुदान रकम कटौती गरे अब उखु खेती गर्ने अवस्था नआउने कृषकहरूले जनाएका छन् । चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखुको अनुदानका लागि सरकारले आवश्यक बजेट विनियोजन नगरेपछि उखु किसान अघिल्लो आर्थिक वर्षको अनुदान पनि नआउने हो कि भन्ने त्रासमा छन् । उनीहरूले गत वर्षकै अनुदानमा समेत आधा कटौती गर्न लागेको आशंका गरेका छन् । सरकारले बजेट अभाव देखाउँदै किसानलाई दिँदै आएको अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाँबाट आधा घटाएर ३५ रुपैयाँमा झार्ने निर्णय गरेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु किसानलाई गत वर्ष दिएकै सरह प्रतिक्विन्टल अनुदान ७० रुपैयाँ तोकेर मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको थियो । तर, मन्त्रिपरिषद्ले उक्त प्रस्ताव अनुमोदन नगरेर किसानको अनुदान कटौती गरी ३५ रुपैयाँ दिने प्रस्ताव स्वीकृत गरेको थियो । आर्थिक वर्ष २०८१/८२ मा देशका १३ वटा चिनी मिलमा किसानहरूले २ करोड १५ लाख क्विन्टल उखु बिक्री गरेका थिए । जसअनुसार सरकारले किसानलाई करिब एक अर्ब ६० करोड रुपैयाँ भुक्तानी दिन बाँकी छ । किसानले करिब ३० वर्षदेखि अनुदान पाइरहेका थिए । सुरुवातमा बिक्रीका आधारमा उद्योगीमार्फत् किसानका नाममा अनुदान दिइन्थ्यो । तर, उद्योगीले अनुदान वितरणमा मनोमानी गरेको भन्दै महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएपछि पछिल्लो समय किसानको खातामा सोझै अनुदान दिने गरिएको थियो । दुई वर्षअघि प्रतिक्विन्टल उखु क्रसिङका आधारमा ६५.२८ रुपैयाँ अनुदान पाएका किसानले गत वर्ष प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान पाएका थिए । घट्दै उत्पादन, पलायन हुँदै किसान मुलुकको तराई/मधेसमा ६० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा नगदेबाली उखु खेती गरिँदै आएको छ । गुलियो बालीको खेती गर्दै आएका किसानको अनुहारमा भने सधैं अमिलो पीडा झल्किने गरेको छ । यसअघि पनि देशभरका उखु किसान काठमाडौंको माइतीघरमा आएर बारम्बार धर्नामा बस्ने गरेका थिए । आन्दोलनपछि सरकारले सहमति गरेर पठाए पनि कार्यान्वयन नहुँदा किसानहरू फेरि आन्दोलन गर्न बाध्य भएका हुन् । तराई/मधेसका किसानले खाद्यान्न बाली लगाउन छोडेर उखु खेती गर्दै आएका छन् । नगदे बालीका रूपमा परिचित उखु नेपालमा मुख्य गरी सर्लाही, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, कैलाली, कञ्चनपुरलगायतका जिल्लामा खेती गरिन्छ । तर, किसानले पाउनुपर्ने चिनी उद्योगबाट भुक्तानी समयमै नपाउनेलगायत समस्याले पछिल्ला वर्षमा उखु किसानहरू पलायन हुँदै गएका छन् । कृषि मन्त्रालयकै तथ्यांकअनुसार पछिल्ला वर्षहरूमा उखु खेतीको क्षेत्रफल निरन्तर घटिरहेको छ । आर्थिक वर्ष २०७६/७७ मा ६८ हजार ३४५ हेक्टर जमिनमा उखु खेती भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । २०७७/७८ मा ६४ हजार ३५४ हेक्टर क्षेत्रफलमा भएको थियो । यसैगरी २०७८/७९ मा ६२ हजार ५६७ हेक्टर क्षेत्रफलमा उखु खेती भएको तथ्यांकमा उल्लेख छ । २०७९/८० मा ६२ हजार ८३३ हेक्टर क्षेत्रफलमा उखु खेती गरिएको मन्त्रालयले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ मा ६२ हजार २२५ हेक्टरमा उखु खेती भएको छ । अर्थात् उखु खेती विस्तारै घट्दै जान थालेको तथ्यांकले देखाउँछ । नेपालमा हाल करिब एक दर्जन चिनी मिल सञ्चालनमा छन्, जसमा करिब एक लाख किसान परिवार आश्रित छन् । यी उद्योगहरूले हजारौंलाई प्रत्यक्ष रोजगारी दिएका छन् । माग पूरा नभएसम्म आन्दोलन छोड्नेवाला छैनौं : संयोजक राय म हासंघले तत्कालका लागि चारदिने आन्दोलन कार्यक्रम घोषणा गरेको छ । माग पूरा नभएसम्म आन्दोलन जारी रहने उखु किसान महासंघका संयोजक श्यामबाबु रायले बताए। सरकारले तय गरेको उखुको रेट एकाएक मनोमानी ढंगले हटाउन नमिल्ने उनको भनाइ छ । 'सरकारले हाम्रो उखुको रेट तय गरेर आजको दिनमा एकाएक मनोमानी ढंगले हटाउन मिल्दैन । राज्य आफैंले उखुको भाउ निर्धारण गर्छ अनि अहिले पैसा नदिएर सुख पाउँछ ? हामी किसान मर्दैनौं ?,' संयोजक रायले भने, 'यदि सरकारले हाम्रो माग पूरा गर्छ भने हामी एकै दिनमा आन्दोलन फिर्ता लिन तयार छौं । तर, यदि चार दिनभित्र पनि माग पूरा भएन भने हामी अर्को चरणको कार्यक्रम घोषणा गर्छौं । जबसम्म माग पूरा हुँदैन, हामी आन्दोलन छोड्नेवाला छैनौं । हामी पछि हट्ने छैनौं । आन्दोलनलाई थप चर्काउँछौं । सरकारलाई कसरी घुँडा टेकाउनुपर्छ, हामीलाई थाहा छ ।' अध्यक्ष रायका अनुसार गत वर्ष देशभर भएको उखु क्रसिङको हिसाबमा सरकारले दिनुपर्ने एक अर्ब ६० करोड रुपैयाँ अनुदान किसानले अझै पाउन बाँकी छ ।

*-इहिमालय टाइम्स डटकम*

# नारायण युवा क्लवको साधारण सभा तथा अधिवेशन, अध्यक्षमा महर्जन



**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ १४/सामाजिक क्षेत्रमा क्रियाशिल नारायण युवाक्लव तानसेन पाल्पाको २८ औं वार्षिक साधारण सभा तथा १४ औं अधिवेशन तानसेनमा भएको छ । २०५४ सालमा स्थापना भएको क्लवले शनिबार एक औपाचारिक समारोहकाबिच साधारण सभा तथा अधिवेशन गरेको हो ।

साधारण सभाको प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुवँरले उद्घाटन गरेकी हुन् । सभाको उद्घाटन गर्दै प्रजिअ कुंवरले क्लवले युवाको क्षमता विकास समाज तथा सुधारको विषयमा गरेका काम प्रशंसनिय रहेको बताईन । उनले क्लवले लागु औषध दुव्यर्सनी विरुद्धका कार्यक्रम तथा कोरोनाकालमा मानव सेवा गरेर समाजप्रतिको देखाएको सक्रियता महत्वपूर्ण रहेको उल्लेख गरिन् ।

क्लवका संस्थापक अध्यक्ष तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले आफ्नो नेतृत्वमा शुरु भएको क्लवले नमुना कामहरु गर्दै आएको बताए । उनले ऐतिहासिक, धार्मिक सांस्कृतिक धरोहरको संक्षणमा क्लव लागिरहेको बताए । कोरोना कालमा खाद्यान्य वितरण, लागुऔषध विरुद्ध सचेतना कार्यक्रम, क्यान्सर सचेतना, सहयोग, खेलकुद प्रतियोगिता रक्तदान तथा सरसफाई कार्यक्रम क्लवले नियमित रुपमा गर्दै आएको समेत सभापति श्रेष्ठले उल्लेख गरे । कार्यक्रममा तानसेन नगरपालिकाकी कार्यपालिका सदस्य सविता भट्टराई, सिर्जनशिल टोल विकास संस्थाकी अध्यक्ष सरस्वती शर्मा, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, संस्थाका सल्लाहकार द्वारिका प्रसाद शर्मा, तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठ, अमर नारायाण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायाण कोईराला, क्लवका सल्लाहकार युवराज पौड्याल लगायतले क्लवले गरेका गतिविधि चर्चा गरेका थिए । वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका सचिव विनायक महर्जनले ब्याडमिन्टन प्रतियोगिता शुभकामना, आदानप्रदान, सरसफाई तथा संस्कृति जर्गेना ट्राफिक सचेतना, रक्तदान कार्यक्रम मुटु परीक्षण जस्ता कार्यक्रमहरु गरेको जानकारी गराए । संस्थाका कोषाध्यक्ष विष्णु प्रसाद श्रेष्ठले १० लाख बराबरको वार्षिक आयव्यय विवरण प्रस्तुत गरे । संस्थाका अध्यक्ष प्रविनराज शाक्यको अध्यक्षता, निवर्तमान अध्यक्ष किशोर दर्शन बज्राचार्यको स्वागत, सचिव विनयराज महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा क्लवसँग सहकार्य गरेर सामाजिक काममा सक्रिय भुमिका निर्वाह गरेका संघ संस्था तथा व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

**अध्यक्षमा महर्जन**

यस्तै अधिवेशनले विनायक महर्जनलाई अध्यक्षमा चयन गरेको छ । जसको निवर्तमान अध्यक्षमा प्रविनराज शाक्य, उपाध्यक्षमा सुनिल बुद्धाचार्य, सचिवमा विष्णुप्रसाद श्रेष्ठ, सह-सचिवहरुमा अरविन्द्र शाक्य, विनोद भारती, कोषाध्यक्षमा सतिशराज शाक्य, सह-कोषाध्यक्षहरुमा बन्दना राना, एविन श्रेष्ठलाई चयन गरेको छ । यस्तै क्लवको सदस्यहरुमा अमृत महर्जन, अजिता महर्जन, विवेककाजी शाक्य, रमेश जक, जन्दीप न्यौपाने, सुरज श्रेष्ठ, दिपुदर्शन बज्राचार्य, अचेना खड्का रहेको क्लवका नवनिर्वाचित सह-सचिव विनोद भारतीले जानकारी दिए ।

# मोहनकन्या माविको 'हिरक महोत्सव' तयारी अन्तिम चरणमा



**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ १४/छात्राहरुको मात्र पठन पाठन हुने पाल्पाको ऐतिहासिक शैक्षिक संस्था मोहनकन्या माध्यमिक विद्यालयले आफ्नो ७५ औँ वार्षिकोत्सवको अवसरमा हिरक महोत्सव मनाउने तयारी गरेको छ । विद्यालयले यही भदौ १६ गते महोत्सव गर्ने भएको हो । महोत्वको तयारी अन्तिम चरणमा पुर्‍याइएको विद्यालयले पत्रकार भेटघाट गरी जानकारी गराएको छ ।

२००७ सालमा तत्कालीन राण प्रधानमन्त्री मोहन शमशेरको नामबाट स्थापित मोहन कन्या माविमा कक्षा १ देखी १२ सम्म छात्राहरुले मात्र अध्यन गर्ने यस क्षेत्रकै एकमात्र कन्या विद्यालय हो । छोरीहरुलाई पनि विद्यालय शिक्षाको पहुचमा पुर्‍याउन, छोरीहरुलाई शिक्षित बनाउने उद्देश्यले तानसेनका अयोध्या प्रसाद प्रधान लगायतको समुहको पहलमा मोहनकन्या विद्यालय सञ्चालन भएको हो । हिरक महोत्सवको अवसरमा भदौ १५ गते पुर्व विद्यार्थी पुर्नमिलन कार्यक्रम रहेको छ । हिरक महोत्सवलाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । कार्यक्रममा पत्रकार महासंघका उपाध्यक्ष मुक्ति न्यौपानेले बजारकोविच भागमा रहेको कन्या विद्यालयलाई देशकै नमुना विद्यालय बनाउन शिक्षक, अभिभावक, विद्यार्थी तथा सरोकारवाला निकायले सहयोग, सहकार्य र समन्वय गर्न जरुरी रहेको बताए । विद्यार्थीलाई युग सुहाउँदो शिक्षा, डिजिटल प्रविधी, टिक्ने र विक्ने शिक्षाको व्यबस्था मिलाउन पत्रकार महासंघ उपाध्यक्ष न्यौपानेले जोड दिए । विद्यालयमा हाल ३ सय भन्दा बढी विद्यार्थी अध्यनरत रहेका छन् भने कक्षा ९ देखी १२ सम्म १ सय ४० जना विद्यार्थीले अध्ययन गर्दै आएका छन् । विस २०७४ सालदेखी विद्यालयमा कक्षा ९ देखी १२ सम्म निःशुल्क रुपमा कम्प्युटर ईन्जिनियरिङ्ग शिक्षा पठन पाठन हुँदै आएको छ । विद्यालयले अधिकाश विद्यार्थीहरुलाई छात्रबृत्ति उपलब्ध गराएको, पठन-पाठनमा कुनै किसिमको शुल्क नलाग्ने, पहिलो पटक भर्न हुने विद्यार्थीलाई विद्यालय पोशाक निःशुल्क उपलब्ध गराउने, कक्षा ८ सम्म निःशुल्क रुपमा दिवा खाजाको व्यवस्था, कम्प्युटर विज्ञानमा ओजीटी गर्दा छाबृत्तिको व्यवस्था लगायतका सुविधाहरु पाउने विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले बताए । विद्यालयले आगामी दिनमा विद्यलय नर्स कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारीमा जुटेको जनाएको छ । कार्यक्रममा पत्रकारहरुले विद्यालयको शैक्षिक, आर्थिक अवस्था, भावि योजनाको बारेमा राखेको जिज्ञासामा विद्यालय व्यबस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक दिपक प्रसाद ज्ञवाली, विद्यालयका प्रेस संयोजक गोपाल प्रसाद बस्याल लगायतले जवाफ दिएका थिए । कार्यक्रम समितिका अध्यक्ष श्रेष्ठको अध्यक्षता, शिक्षक मन गहिरेको स्वागत र हीरक महोत्सवका सञ्चार एवं प्रचार प्रसार समिति संयोजक गोपाल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# खो खो टोली उत्कृष्ट अवार्डसहित पुरस्कृत



**काठमाडौं,** भदौ १४/राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आफ्नो ६२ औं वार्षिकोत्सवका अवसरमा राष्ट्रिय पुरुष/महिला खो खो टोलीलाई उत्कृष्ट अवार्डसहित शुक्रबार पुरस्कृत गरेको छ । खो खो टिम सिनियरतर्फ पुरस्कृत भएको हो । पुरुष/महिला टोलीलाई समान १-१ लाख नगद पुरस्कारसहित ट्रफी प्रदान गरियो । दुवै टिमले भारतमा भएको प्रथम खो खो विश्व कप तथा नेपाल र भारतबीच भएको टेस्ट म्याचमा रजत जितेका थिए । खो खो टिमसँगै जुनियरमा २ र पारामा १ खेलाडी, १० कर्मचारी, १ राष्ट्रिय खेल संघ, १ प्रायोजक, २ पत्रकार र १ स्थानियलाई सम्मान गरियो । जुनियरको पुरुषमा बक्सिङका अर्पिल राना तथा महिलामा क्रिकेटकी पूजा महतो जनही ५० हजार नगदसहित पुरस्कृत भए । अर्पिलले थाइल्यान्डमा भएको एसियाली यु-२२ युथ बक्सिङ तथा श्रीलंकामा भएको एसियाली बक्सिङ यु-१९ मा कांस्य जितेका थिए । पूजाले विश्वकप एसियाली छनोटमा २ सय ७२ रन बनाउनुका साथै १० विकेट लिएकी थिइन् । सोही छनोटमा 'प्लेयर अफ द सिरिज' हुन सफल भएकी थिइन् । नेपाल र मलेसियाबीचको यु-१९ टी- २० विश्वकपमा 'प्लेयर अफ द म्याच' बनेकी थिइन् । पारातर्फ तेक्वान्दोकी पलेशा गोबर्धन ५० हजार नगदसहित सम्मानित भइन् । पलेशाले पेरिस पारालिम्पिकमा ऐतिहासिक कांस्य पदक तथा मलेसियामा भएको १० औं एसियाली पारा तेक्वान्दोमा कांस्य पदक जितेकी थिइन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# जलविद्युत्बाट व्यावसायिक उत्पादन



**पाल्पा,** भदौ १४/सूर्यकुण्ड हाइड्रोइलेक्ट्रिक लिमिटेडले नुवाकोटको दुप्चेश्वर गाउँपालिकामा निर्माण गरेको ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत् आयोजनाले औपचारिक रुपमा व्यावसायिक उत्पादन सुरु गरेको छ । कम्पनीका अनुसार आयोजनाले २०८२ असार १८ मा निर्माण सम्पन्न गरी १५ दिनको सफल परीक्षण सञ्चालन सकेको थियो ।

परीक्षण चरण सफलतापूर्वक सम्पन्न भएपछि आयोजनाले २०८२ साउन १२ देखि नियमित रुपमा राष्ट्रिय प्रसारण प्रणालीमा बिजुली आपूर्ति गर्दै आयोजनाको व्यापारिक उत्पादन सुरु थालेको हो । सूर्यकुण्ड हाइड्रोइलेक्ट्रिक लिमिटेड उर्जाको विकास र सञ्चालन गर्ने उद्देश्यले स्थापना भएको कम्पनी हो । यस कम्पनीमा अपी पावर कम्पनी लिमिटेडको बहुमत सेयर लगानी छ । आयोजनाले ३ चैत २०६८ मा नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता गरेको थियो । ऊर्जा मन्त्रालयबाट आवश्यक वातावरणीय प्रारम्भिक अध्ययन २०८१ असोज ८ मा स्वीकृत भएको थियो । ऊर्जा मन्त्रालयको विद्युत् विकास विभागबाट २०७२ असोज २२ मा उत्पादन इजाजतपत्र प्राप्त भएको थियो । परियोजनाको इन्टेक करिब १५०० मिटर र पावरहाउस १२८२ मिटरको उचाइमा छ । पावरहाउसमा जडान गरिएका दुईवटा पेल्टन टर्बाइन युनिटहरू (प्रत्येक ५.५ मेगावाट) बाट कुल ११ मेगावाट उत्पादन हुनेगरी आयोजना डिजाइन गरिएको छ । डाइभर्सन बाँध र सहायक संरचना १०० वर्षको पुनरावृत्तिमा हुने बाढीलाई समेत ध्यानमा राखी डिजाइन गरिएको हो । जसको परिमाण २४७ घनमिटर प्रतिसेकेन्ड अनुमान गरिएको छ । नुवाकोटको समुन्द्रटार सवस्टेशनमा स्विचयार्डमार्फत जोडिएको आयोजनाबाट उत्पादित बिजुली ६ किलोमिटर लामो ३३ केभी ट्रान्समिसन लाइनमार्फत राष्ट्रिय ग्रिडमा आपूर्ति हुन थालेको छ । वार्षिक ६१ दशमलव ३१९ गीगावाट घण्टा विद्युत् उत्पादन हुने अनुमान गरिएको छ । यसमध्ये ५० दशमलव ८९३ गीगावाट घण्टा वर्षायाममा र १० दशमलव ४२५ गीगावाट घण्टा सुख्खा मौसमी अवधिमा उत्पादन हुने अनुमान गरिएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई